धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची-१४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# यूनिभर्सल पावर कम्पनी लिमिटेड

चौथो तल्ला, ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं।
फोन : ०१-४२५१४६३, ४१०१०९७

## आ.ब. २०७६/०७७ को चौथो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

क) आ.ब. २०७६/०७७ को चौथो त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तीय अवस्थाको विवरण तथा आय विवरण।

**वित्तीय अवस्थाको विवरण** (रकम रू. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | असार मसान्त २०७७ सम्ममा | चैत्र मसान्त २०७६ सम्ममा | असार मसान्त २०७६ सम्ममा |
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| कार्यालय उपकरण | १,४९८,६५०.५३ | १,६२३,५३८.०७ | ३८०,९०६.८० |
| पूँजीगत कार्य प्रगति | २,२४५,०२१,७२०.६६ | २,०७४,७२३,९७१.४६ | १,७६०,३१२,७८५.४८ |
| शेयर लगानी | १४४,२३०,४००.०० | १४४,२३०,४००.०० | १४४,२३०,४००.०० |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **२,३९०,७५०,७७१.१८** | **२,२२०,५७७,९०९.५२** | **१,९०४,९२४,०९२.२८** |
| **चालु सम्पत्ति** | | | |
| मुद्दती निक्षेपमा लगानी | ९१०,०००,०००.०० | ७९५,०००,०००.०० | १,०६२,४००,०००.०० |
| नगद तथा बैंक मौज्दात | ४९,५७३,४११.११ | १७९,३०५,५२२.०६ | १,५२३,४६८.५९ |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | २०३,९७४,३६५.३९ | २७७,७२७,५०८.४२ | २११,८२५,५१०.३९ |
| **जम्मा चालु सम्पत्ति** | **१,१६३,५४७,७७६.५०** | **१,२५२,०३३,०३०.४८** | **१,२७५,७४८,९७८.९८** |
| **जम्मा सम्पत्ति** | **३,५५४,२९८,५४७.६८** | **३,४७२,६१०,९४०.००** | **३,१८०,६७३,०७१.२६** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी तथा जगेडा कोष** | | | |
| शेयर पूँजी | २,१००,३५०,०००.०० | २,१००,३५०,०००.०० | २,१००,३५०,०००.०० |
| जगेडा कोष र संचित नाफा | १०१,४६८,७६५.६२ | ८६,८३४,३४५.२६ | २५,०७८,०२२.२० |
| **जम्मा पूँजी तथा जगेडा कोष** | **२,२०१,८१८,७६५.६२** | **२,१८७,१८४,३४५.२६** | **२,१२५,४२८,०२२.२०** |
| **दायित्व** | | | |
| **गैह्र चालु दायित्व** | | | |
| दीर्घकालीन बैंक ऋण | १,२५३,३७१,६४८.३६ | १,१८६,६१०,५११.३५ | ९२५,०८२,१३३.६३ |
| **चालु दायित्व र व्यवस्था** | | | |
| व्यापारिक र अन्य दायित्व | ७९,९५७,५११.३५ | ५२,५१६,३६४.७९ | ५२,५१४,४१०.७० |
| अल्पकालीन बैंक ऋण | - | २१,३०६,९००.५० | ६७,६००,०००.०० |
| अन्य व्यवस्थाहरू | १९,१५०,६२२.३५ | २४,९९२,८१८.११ | १०,०४८,५०४.७३ |
| **जम्मा चालु दायित्व तथा व्यवस्थाहरू** | **९९,१०८,१३३.७०** | **९८,८१६,०८३.४०** | **१३०,१६२,९१५.४३** |
| **जम्मा पूँजी तथा दायित्व** | **३,५५४,२९८,५४७.६८** | **३,४७२,६१०,९४०.००** | **३,१८०,६७३,०७१.२६** |

**आय विवरण** (रकम रू. मा)

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | असार मसान्त २०७७ सम्ममा | चैत्र मसान्त २०७६ सम्ममा | असार मसान्त २०७६ सम्ममा |
| **आम्दानी** | | | |
| विद्युत बिक्रीबापत् आम्दानी | - | - | - |
| अन्य आम्दानी | ८३,११२,८५५.४१ | ६२,०८९,२६८.७२ | ४५,६९६,७१३.८१ |
| जम्मा आम्दानी | ८३,११२,८५५.४१ | ६२,०८९,२६८.७२ | ४५,६९६,७१३.८१ |
| **खर्च** | | | |
| प्रशासनिक खर्च | (६,४६९,४४८.५६) | (५,२०५,०४९.८१) | (७,१८३,९६८.३४) |
| ह्रासकट्टी | (४९९,५५०.१८) | (३७४,६६२.६३) | (६०,८०९.७२) |
| जम्मा खर्च | (६,९६८,९९८.७३) | (५,५७९,७१२.४४) | (७,२४४,७७८.०६) |
| आयकर अघिको नाफा | ७६,१४३,८५६.६८ | ५६,५०९,५५६.२८ | ३८,४५१,९३५.७५ |
| चालु वर्षको आयकर व्यवस्था | (१९,०३५,९६४.१७) | (१४,१२७,३८९.०७) | (९,६१२,९८३.९४) |
| **आयकर कट्टी पछिको नाफा** | **५७,१०७,८९२.५१** | **४२,३८२,१६७.२१** | **२८,८३८,९५१.८१** |

**नोट** : माथि उल्लेखित अंकहरू आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिनेछ। लेखा परीक्षण नभएका अंकहरू लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ।

ख) प्रमुख वित्तीय अनुपातहरूसम्बन्धी विवरण निम्न अनुसार छन्।

| अवधि | प्रतिशेयर आम्दानी रू. | प्रतिशेयर नेटवर्थ रू. | तरलता अनुपात | प्रतिशेयर कूल सम्पत्तिको मूल्य | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्यसम्ममा | २.७२ | १०४.८३ | ११.७४ | १६९.२२ | २५.७५ |

२. **व्यावसायिक विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारणसम्बन्धी विवरण** : हाल जलविद्युत आयोजना निर्माणाधिन अवस्थामा रहेकोले आयोजनाको व्यापारिक उत्पादन शुरू भइनसकेको हुनाले संस्थाको विद्युत बिक्रीबाट आम्दानी रहेको छैन।

ख) **आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** : हाल यस संस्थाले दोलखा जिल्लामा अवस्थित खारे खोलामा निर्माण गरिरहेको तल्लो खारे खोला जलविद्युत आयोजना (११ मे.वा.) को निर्माण अन्तिम चरणमा रहेको छ। कम्पनीले माथिल्लो इङ्खु खोला जलविद्युत आयोजनाको अध्ययन गरिरहेको छ। यस कम्पनीले कसुवा खोला जलविद्युत आयोजना (४५ मे.वा.) निर्माण गर्न लगानी गर्ने सम्झौता गरेको छ।

ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सोसम्बन्धी विश्लेषणात्मक विवरण**: कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पार्ने खालको घटना र अवस्था देखिएको छैन। तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवी प्रकोप (काबुबाहिर) को असर भने सदा रहिरहनेछ।

३. **कानूनी कारबाहीसम्बन्धी विवरण**: यस त्रैमासिकमा संस्थाले कसै विरूद्ध र कसैले संस्था विरूद्ध साथै संस्थापक र संचालक विरूद्ध कुनै मुद्दा मामिला परे/गरेको छैन।

४. **संस्थाको शेयर कारोबारसम्बन्धी विश्लेषण**: (क) धितोपत्र बजारमा संस्थाको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार :

| | |
|---|---|
| अधिकतम मूल्य रू. | ७२.०० |
| न्यूनतम मूल्य रू. | ६६.०० |
| अन्तिम मूल्य रू. | ७०.०० |
| कारोबार भएको कूल दिन | १३.०० |
| कारोबार संख्या | ४२८.०० |

ख) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा** : यस संस्थाको साधारण शेयरको मूल्य शेयर बजारमा हुने खुल्ला कारोबारले निर्धारण गर्ने हुँदा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

५. **समस्या तथा चुनौती** : तल्लो खारे खोला जलविद्युत आयोजना (११ मे.वा.) को निर्माण कार्य सम्पन्न गर्नुपर्ने शुरूको कार्यक्रमलाई २०७२ सालको महाभूकम्प, त्यस लगतै नेपाल भारत सिमा अवरोध र नेपाल विद्युत प्राधिकरणबाट ट्रान्समिशन लाईनको निर्माणमा भएको ढिलाईले आयोजनाको विद्युत उत्पादन हुने मिति संशोधन हुने क्रममा छ। साथै हाल विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ का कारण देशव्यापी रूपमा नेपाल सरकारबाट घोषित लकडाउनको कारणले आयोजनाको ट्रान्समिशन लाईन र इलेक्ट्रो मेकानिकलको निर्माण कार्य पूर्व योजना बमोजिम हुन सकिरहेको छैन।

६. **संस्थागत सुशासन** : संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ।

७. **सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** : आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।